मिति २०७७ कार्तिक १८ गते (वि.सं. २०७७।०७।१८) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९५ औं बैठकका निर्णयहरु :

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिका स्मार्ट छोरी बिहेवारी बीस बर्ष पारी कार्यक्रम संचालन कार्यविधि,२०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २.

घर धनि केशरी वलीको कित्ता नं ५ ग ३४५ मा बनेको घरको मिति २०७३ मंसिर १७ गते नक्सा पासको कममा रु. १९,९८२।- राजस्व असुल भएको, पछि अनुगमनका कममा ६७.८ वर्ग फिट क्षेत्रफल बढी निर्माण भएको देखिएकाले बढेको क्षेत्रफलको राजस्व रु २३७३।- लिनु पर्नेमा भुलवस अभिलेखीकरण गर्दा हुन आउने राजस्व रु.१७,७५९।- असुल गरिएकोले रु.१५,३८६।- बढी हुन आएको देखिएकाले सो रकम फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं ३

आ.व.०७७।७८ को लागि यस कार्यालयवाट मिति २०७६।०५।१९ मा प्रकाशित सूचना अनुसार तपशिलका फर्महरुले तोकिए अनुसारको नदीजन्य पदार्थ बिक्रि शुल्क उठाउन देहायका ठेक्का नं का लागि सवैभन्दा बढी अंक कवोल गरेको राजस्व मुल्याङ्कन समितिको सिफारिस अनुसार देखिन आएको हुँदा उल्लेखित सारभूत रुपमा प्रभाव ग्राही बोलपत्रहरुलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का विवरण | फर्मको नाम ठेगाना | कवोल अंक (भ्याट वाहेक) | बढेको प्रतिशत (%) |
|---|---|---|---|---|
| १. | ठेक्का नं.रा ०५ ग्वारखोला (वायोखोला क्षेत्र) | स्मृति विसाल कं.सेवा प्रो.गोपाल वली रोल्पा ९ राङ्सी | १२,२५,५९९।- | ११६.८७% |
| ५ | ठेक्का नं.रा ०६ ग्वारखोला (लहलौरा–भोजपुर जाने पक्कि पुलदेखी दक्षिण तर्फको क्षेत्र) | वालान ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. प्रो.गजराज वालान क्षेत्री तुलसीपुर ६ दाङ्ग | ७१,६६,६६३।- | ५८.५२% |
| ३ | ठेक्का नं.रा ०८ पातुखोला (सुकौराघाट क्षेत्र) | विकास एण्ड विसाल निर्माण सेवा प्रो.विकास भण्डारी तुलसीपुर १० दाङ | ८९,५०,०५७।- | २१६.७५% |

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

(मिति २०७७।०७।१८ का.पा. ९५ औं का.पा. बैठक निर्णयहरु) (१)

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

मिति २०७७ कार्तिक १८ गते (वि.सं. २०७७०७१८) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९५ औं बैठकका निर्णयहरु :

| सि.नं. | ठेक्का विवरण | फर्मको नाम ठेगाना | कवोल अंक (म्याट वाहेक) | बढेको प्रतिशत (%) |
|---|---|---|---|---|
| ४ | ठेक्का नं.रा ०९ गहतेखोला (पक्कि पुलदेखी दक्षिण तर्फको क्षेत्र) | विकास एण्ड विसाल निर्माण सेवा<br>प्रो.विकास भण्डारी<br>तुलसीपुर १० दाङ | ३९,५०,५००।- | १३३.०२% |

## निर्णय नं ४

आ.व.०७७।७८ को लागि यस कार्यालयवाट मिति २०७६।०५।१९ मा प्रकाशित सूचना बमोजिम तोकिए अनुसारको नदीजन्य पदार्थ बिक्रि शुल्क उठाउन तपशिलमा उल्लेखित ठेक्का नं का लागि इ विडिङका माध्यमबाट एक/एक वटा मात्र बोलपत्र पेश भएको हुँदा बोलपत्रमा कबोल गरेको अंकलाई न्यूनतम अंक कायम गरी पेश भएका बोलपत्रहरु रद्ध गर्ने र पुन सूचना आव्हान गर्ने निर्णय गरियो ।

| सि.नं. | फर्मको नाम ठेगाना | ठेक्का विवरण | न्यूनतम अंक (म्याट वाहेक) | कबोल अंक (म्याट वाहेक) | अब सूचना प्रकाशन गर्दा कायम गर्नु पर्ने न्यूनतम अंक (म्याट वाहेक) |
|---|---|---|---|---|---|
| १. | विकास एण्ड विसाल नि.सेवा<br>प्रो.विकास भण्डारी<br>तुलसीपुर १० दाङ | ठे.नं.रा १० हापुरखोला (बबई दोभान क्षेत्र) | ३१,७१,७३६।-- | ३९,०६,०७५।- | ३९,०६,०७५।- |
| २. | मध्यपश्चिम कन्स्ट्रक्सन प्रा.लि.<br>प्रो.वालाराम जैसी गौतम<br>तुलसीपुर १० दाङ्ग | ठे.नं.रा ११ संग्राम खोला (पत्रे र संग्राम दोभान क्षेत्र) | ११,६५,५६०।-- | २५,०५,५५५।- | २५,०५,५५५।- |
| ३. | मामा भान्जा नि.सेवा<br>प्रो.प्रकास के.सी.<br>तुलसीपुर १० दाङ्ग | ठे.नं.रा १३ बबईनदी (चौपरीयाघाट क्षेत्र) | २८,६५,६००।- | ३०,२०,०००।- | ३०,२०,०००।- |

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ कार्तिक १८ गते (वि.सं. २०७७।०७।१८) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९५ औं बैठकका निर्णयहरु :**

**निर्णय नं ५**

लमही–घोराही–तुलसीपुर सडक परियोजनाको च.नं.२९ मिति २०७७।०६।०८ को पत्र र ४ नं.वडा कार्यालयको सिफारीस पत्रानुसार ग्वारखोला (सुंगुरखोला दोभान र बायखोला दोभान क्षेत्र) वाट लमही घोराही तुलसीपुर सडक योजनाको लागि ढुंगा, गिट्टी, बालुवा उपलब्ध गराई दिनु हुन भनि अनुरोध भै आएको सम्वन्धमा, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरवार, काठमाण्डौको ढुंगा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १२ को उपदफा १ मा ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजना हरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारवाट संचालित त्यस्ता आयोजनाहरुलाई आवस्यक पर्ने ढुंगा, गिट्टी, बालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारीसमा तोकिएको स्थानवाट निर्माण सामाग्री संकलनको व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था भएको । आ.व.०७६।७७ मा ग्वारखोला (सुंगुरखोला दोभान र बायोखोला दोभान क्षेत्र) वाट ९०० घ.मि.ढुंगा र ८,००० घ.मि.गिट्टी, बालुवा उठाउन सक्ने स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा ढुंगा, गिट्टी, बालुवा स्थानीय श्रमिकहरुवाट हात र सामान्य कुटो कोदालो, गैंटि, वेल्चा हतौडा प्रयोग गरी संकलन गर्ने र ढुवानीका लागि ट्रयाक्टर, टिप्पर प्रयोग गर्न सकिने व्यवस्था भएता पनि राष्ट्रिय प्राथमिकता प्राप्त उक्त आयोजनाको लागि धेरै परिमाणमा माग भएको र उल्लेखित परिमाण स्थानीय श्रमिक र घरेलु औजारको प्रयोग गर्दा संकलन गर्दा समय धेरै लाग्ने र समयमा आयोजना सम्पन्न नहुने हुँदा आयोजना निर्माण कार्य छिटो छरितो र सहज बनाउन उक्त आयोजनाको लागि आवस्यक पर्ने नदीजन्य पदार्थ ठूला मेशिनरी औजारहरु प्रयोग गरी उत्खनन एवं ढुवानीको लागि अनुमति प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं ६**

आ इ इ को लागि तयार गरिएको टर्म्स अफ रिफरेन्स स्वीकृत गरी आ इ इ प्रयोजनका लागि खोला र नदीको लागि रु १०,००,०००।- र सडक र विकास निर्माण कार्यको लागि रु १०,००,०००।- गरी कुल रु २०,००,०००।- लाग्ने भएको र रु १२,५००००।(बाह्रलाख पचास हजार) बजेट नपुग भएकोले उक्त बजेट आ.ब. २०७७/०७८ को तुलसीपुर पुर्बाधार बिकास प्राधिकरणको खर्च शिर्षक नं. ३११५१ को सडक तथा पुल निर्माण शिर्षक बाट रु १२,५००००।(बाह्रलाख पचास हजार) रकमान्तर गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ कार्तिक १८ गते (वि.सं. २०७७०७१८) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९५ औं बैठकका निर्णयहरु :**

**निर्णय नं ७**

तुलसीपुर उप महानगरपालिकाको बाल उद्यान, शौचालय, चमेना गृह निर्माण तथा संचालन सम्बन्धी व्यवसायी श्री राधा खड्काले भाडा रकम छुट सम्बन्धमा देशमा कोभिड १९ को कारण लकडाउन भएको अवधि २०७६ चैत्र ११ गते देखि २०७६ असार ५ सम्म आर्थिक बर्षको कुल अंकलाई दिनगन्ती दामासाहीले हिसाब गरी उक्त अवधिको छुट दिने निर्णय गरियो ।

**निर्णय नं.८**

तुलसीपुर उपमहानगरपालिका स्थानीय बालअधिकार समितिको संयोजकमा वडा नं. ६ का वडा अध्यक्ष श्री नवराज लामीछानेलाई मनोनयन गर्ने साथै नगर स्तरीय र वडा स्तरीय स्थानीय बालअधिकार समिति गठन नर्गे निर्णय गरियो ।

**निर्णय नं.९**

तुलसीपुर उपहानगरपालिकाले कोभिड १९(कोरोना भाईरस) बाट नगरबासीलाई सुरक्षीत राख्नका लागि राहत,उद्धार,उपचारको समेत उचित प्रबन्ध गरेको,बिभिन्न विद्यालयहरुमा आईसोलेसन सेन्टर र क्वारेन्टीनको समेत उचित ब्यवस्था गरीएकोमा हाल संक्रमणको दर तथा मृत्यु दरमा बृद्धि भएकोले सोको उचित ब्यवस्थापनका लागि तुलसीपुर मेट्रो हस्पीटन,भिमसेन नगर शहरी स्वाथ्य केन्द्र,राप्ती प्रादेशिक अस्पतालमा भ्यान्टीलेटर र आईसियु स्थापना गर्नु पर्ने बाध्यात्मक परिस्थिति श्रृजना भएको तर यस उपमहानगरपालिकाको आर्थिक श्रोत कम भएकोले भ्यान्टीलेटर र आईसियु खरिदका लागि यस क्षेत्रका तुलसीपुर उद्योग बाणिज्य संघ,तुलसीपुर नगर जेसीस,रोटरी,लायन लगाएत सबै सरोकारवाला र दाताहरुमा आर्थिक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिकामा कोभिडका कारण मानिसहरुको मृत्यु भएको र अन्य कारणहरुमा समेत शव बाहनको आवश्यक्ता भई खरिदका लागि कार्यपालिकाबाट निर्णय भई प्रकृया समेत अघि बढाउदा केहि समस्याहरु उत्पन्न भएकोले हालको परिस्थितिमा शवबाहनको अध्याधिक आवश्यक्ता परेकाले क्याटलक बिधिबाट शव बाहन खरिद गर्ने र प्रकृयामा रहेका थप एम्बुलेन्सहरु समेत खरिद गर्ने तथा भन्सार छुटका लागि संघीयर सरकार र लुम्बिनी प्रदेश सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

तुलसीपुर उपमहानगरपालिकाले कोभिढ १९को महामारीबाट नगरबासीलाई सुरक्षित राख्न राहत,उद्धार तथा उपचारको समेत ब्यवस्था गरिरहेको अवस्थामा कोभिढको संक्रमण झन बढदो अवस्थामा रहेकोले आम नागरिकलाई सोबाट सुरक्षित राख्न निम्न कार्यहरु गर्ने निर्णय गरियो ।



तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ कार्तिक १८ गते (वि.सं. २०७७०७१८) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९५ औं बैठकका निर्णयहरु :**

क)पिसिआर गर्ने ख) आईसियु स्थापना गर्ने ग) कोभिडको लक्षण देखा परेका वडाका नागरिकहरुका लागि होम क्वारेन्टीनको भरपर्दो व्यवस्था गरी सम्बन्धीत वडाका वडा अध्यक्षको संयोजकत्तमा स्वास्थ्य कर्मि समेत संलग्न गरी Home Visit गर्ने घ) लक्षण देखा परेका बिरामीको परिक्षण गर्ने र रकम तिर्न नसक्ने गरीव बिपन्न मानिसको रकम उपमहानगरपालिकाले भुक्तानी दिने । ङ) लाश व्यवस्थापनमा सम्बन्धीत वडाका वडा अध्यक्ष तथा राजनीतिक दलका प्रतिनिधिहरुको संयन्त्र तयार गर्ने । च) डाफे केयर लगाएतका अन्य सामाजिक मनोपरामर्शदाता चयन गरी परामर्श दिने । छ)बिपद व्यवस्थापन कोषको परिचालन गरी राहत,उद्धार र उपचारको व्यवस्था प्रभावकारी बनाउने ।

**निर्णय नं १२**

संस्कृती पर्यटन तथा नागरिक उड्यान मन्त्रालयको मिति २०७७५।२ गते प्रकाशित सूचना अनुसार प्रदेश र स्थानीय तहमा पर्यटन पुर्बाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न यस तुलसीपुर उपमहानगरपालिकाबाट प्रस्ताव गरीएका देहाबमोजिमका आयोजनाहरुलाई अनमोदन गर्ने निर्णय गरियो ।

क) क्रान्ती संग्रालय तुलसीपुर,१९ सक्राम

ख) गौरीगाउ ताल संरक्षण तुलसीपुर १० गौरीगाउ

**निर्णय नं १३**

तुलसीपुर उप महानगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ मा बिकास प्राधिकरण अन्तरगत संचालन गरिने आयोजनाहरुमा लाग्ने नदिजन्य पदार्थको ल.ई गराई निर्णय भएको मितिले १ हप्ता भित्र यस उपमहानगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

घोराही-तुलसीपुर फोरलेन सडक तथा यस तुलसीपुर उपपहानगरपालिका भित्र आयोजना आवश्यक नदिजन्य पदार्थ उत्खनन मा Heavy Equipment प्रयोग गरी उत्खननको अनुमति दिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ कार्तिक १८ गते (वि.सं. २०७७०७१८) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९५ औं बैठकका निर्णयहरु :**

**निर्णय नं १५**

आउदै गरेको दिपावली(तिहार) र छट पर्वको अवसरमा समस्त नगरबासीलाई शुभकामना दिदै कोभिड १९ को महामारीमा देउसी भैलो नखेली महामारिबाट बच्न अपिल गर्दै घरमै बसी सभ्य तथा सुरक्षित तवरले चाडपर्व मनाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

तुलसीपुर उपमहानगरपालिका महिला तथा सामाजिक बिकास शाखाको आ.ब.२०७७/०७८ को बजेट तथा कार्यक्रम क्र.स.५(२२५२२) मा ८४ बर्ष माथिका जेष्ठ नागरिक सम्मानका लागि रु ५०००००।( पाचलाख मात्र) बिनियोजन गरिएको र १ देखि १९ वडाका ५०० जना ८४ बर्ष माथिका जेष्ठ नागरिकलाई सम्मान गर्दा रु १०,१५०००। खर्च हुने भएकोले बांकी नपुग रकम खर्च शिर्षक नं. ४( २२५२२) को अतिबिशिष्ठ जेष्ठ नागरिक सम्मान कार्यक्रमबाट रु १,४००००।(एक लाख चालिस हजार मात्र) र खर्च संकेत नं. २८९११ भैपरी आउने चालु खर्च अन्तरगत बिनियोजित २०,०००००। बाट रु ४०००००।(चारलाख मात्र) ८४ बर्षका जेष्ठ नागरिक सम्मान खर्च शिर्षक नं. ५(२२५२२) मा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

तुलसीपुर उप महानगरपालिका १३ नं वडाका वडा अध्यक्ष डम्बरबहादुर न्यौपानेको मिति २०७७६।२३ गते भएको दुखद निधन प्रति हार्दिक समवेदना प्रकट गर्ने सर्व सम्मत निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख